छेडागाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट
कर्णाली, प्रदेश नेपाल।

प स २०७५।०७६
च नं

**Tractor, तथा motorcycle,खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशितः २०७६।०१।०९**

१. यस कार्यालयलाई आवश्यक पर्ने तपसील बमोजिमका मालसामानहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक उत्पादन कम्पनीको नेपालमा रहेको आधिकारिक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. सूचना प्रकाशित भएको मितिदेखि ३० औ दिनसम्म कार्यालय समयभित्र बोलपत्रदाता अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिबृदिकर (VAT) मा दर्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बंर PAN को प्रमाण पत्र, आ व २०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्र वा आ व २०७४/०७५ को कर / आय विवरण पेश गरेको प्रमाण पत्र, उत्पादक कम्पनीले नेपालमा रहेको आधिकारिक विक्रेता (Importer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्योजन गरेको (Manufacturer's Authorization Letter) तोकिएको ढाँचा अनुसारका प्रमाण पत्र हरुको प्रमाणित प्रतिलिपीहरु तथा निवेदन साथ पेश गरी नियम अनुसार लाग्ने राजश्व दस्तुर ( फिर्ता नहुने ) बुझाई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्र दाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरीसक्नु पर्ने छ।

४. बोलपत्र खरिद गर्दा लाग्ने दस्तुर यस नगरपालिकाको जनता बैक नेपाल लिमिटेड छेडागाड शाखामा रहेको संञ्चित कोष खाता नं ११९००९०५७२८१५०१ जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। साथै बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस नगरपालिकाको जनता बैक नेपाल लिमिटेड छेडागाड शाखामा रहेको धरौटी कोष खाता नं ११९००९०५७२८१५०४ मा दाखिला गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको बैक जमानी पत्र (Unconditional Bid Bond ) बोलपत्रसाथ पेश गर्नु पर्नेछ। यसरी पेश गरिएको जमानत वापतको बैक भौचर रसिद वा बैक जमानी पत्र यो सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ र बैक जमानी पत्रको उल्लेखित म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि हुनुपर्नेछ।

५. दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे बोलपत्र दाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। तर बोलपत्रदाताहरु तथा निजका

Scanned by CamScanner

प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन।

६. रीत नपुगेका र म्याद नाघी आएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन।

९. अन्य कार्यविधीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधन सहित) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुनेछन।

१०. अन्य थप केही कुरा बुझ्न परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

| ठेक्का नं | | विवरण | आवश्यक संख्या | फारम दस्तुर रु | जमानत रकम |
|---|---|---|---|---|---|
| CGM/GOODS/NCB/01/2075/076 | Trector & Hydraulic Dump Tr | 4WD Tractor With Hydraulic Dump Trailer,Water cooled,power Output(60±5%),BHP,trailer Capacity 4 Cubic meter & others are as per approved technical specification. | १ (एक) | रु ३०००।०० बोलपत्र | कबोल अंकको कम्तीमा रु २.५०% ले हुनआउने रकम |
| CGM/GOODS/NCB/02/2075/076 | motorcycle | Motorcycle,Engine Displacement Not less than 146cc, Max.Torque Not less than 12 Nm@ governed RPM & others are as per approved technical specification. | ८ (आठ) | रु ३०००।०० बोलपत्र | |

नि प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner